बैठक संख्याः 30

मितिः२०८३/०१/१५

समयः११:०० बजे

सिंजा गाउँपालिका नराकोट,जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं. १ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं. २ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं. ४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं. ५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं. ६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | टेक बहादुर शाही | | |

निर्णय नं. १. सिंजा गाउँपालिकाबाट आ.व. २०८३/०८४ का लागि कर्णाली प्रदेश सशर्त अनुदान अन्तर्गत संचालन गरिने देहाय बमोजिमका आयोजनाहरु छनौट गरी पठाउने निर्णय गरियो ।

- सिंजा अस्पतालको पूर्वाधार निर्माण ।
- कोटेसागु देखि चंखुचाँगा खेलमैदान सम्मका लागि हिमानदि करीडोर सडक निर्माण सिंजा-२ ।
- प्याकुडेबाडा, थार्पिबाडाहुदै ज्यादेउमाडु सम्मको सडक निर्माण सिंजा-१ ।
- मा.वि. चुलेलगाउँ भवन निर्माण सिंजा-२ ।
- लिपी सडक निर्माण सिंजा-३ ।
- वडा स्तरीय खेलमैदान निर्माण सिंजा-४ बारे ।
- वडा स्तरीय खेदमैदान निर्माण सिंजा-५ फोईचौर ।
- सामुदायीक स्वास्थ्य केन्द्रको भवन निर्माण सिंजा-६ दाँत ।

निर्णय नं. २. सिंजा गाउँपालिकाको वडा नं. ३ मा रहेको कोटेसाँघु मोटरेवयल काठेपुल २०७९ साल असोज १९ देखि २५ सम्मको अविरल वर्षाकाकारण हिमानदीमा आयको बाढीले पूर्णरुपमा क्षति पुयायको र दुवैतिरका पिल्लर र पुलमाथिका काठ बाँकी रहेको अवस्थामा हाल गाउँपालिकाले उक्त स्थानमा वेलिब्रिज मोटरेवयल पुल निर्माणको क्रममा रहेकाले क्षति भएको पुलको बाँकी संरचनाको प्रविधिक मुल्याङ्कन गरी नियमानुसार सार्वजनिक सूचना प्रकाशन गरी लिलाम बढाबढको सूचना प्रकाशन गर्ने र काम नलाग्ने संरचना भत्तकाउनु परेमा सम्बन्धित निकायको रोहवरमा सार्वजनिक मुचुल्का गरी संरचना भत्काउने निर्णय गरियो ।

निर्णय नं. ३. सिंजा गाउँपालिकाले चालु आ.व. मा अध्यक्ष कपका लागि विनियोजन गरेको रकम रु ७ लाख मध्ये विगत आ.व. मा ६ वटा विद्यालयलाई भुक्तानी हुनबाँकी रु ३ तीन लाख भुक्तानी गर्ने र बाँकी रु ४ लाख बाट राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको तयारी देखि उक्त कार्यक्रममा सहभागीहुदाँ सम्मको खर्च उक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४. श्री माध्यमिक विद्यालय चुलेलगाउँको प.सं. २०८२/०८३ च.नं. २४ मिति २०८३/०१/१४ गतेको प्राप्त पत्रानुसार उक्त विद्यालयको नाम श्री सिंजा माध्यमिक विद्यालय चुलेलगाउँ कायम गरी नाम परिवर्तनका लागि सम्बन्धीत निकायमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ५. सिंजा गाउँपालिकाको कार्यालय, वडा कार्यालय, सामुदायीक विद्यालय, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमा तत्कालै विधुतिय हाजीरी जडान गरी प्रयोग गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६. सिंजा गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा बाँरि केदारनाथ सडक निर्माणका लागि विनियोजन गरिएको रकम रु ३० लाख बाट फार्सेबाडाको सुरु विन्दुबाट सडक आर.सि.सि. निर्माणका लागि बोल पत्र आह्ववान गर्दा घटाघटको प्रक्रियाबाट सडक निर्माण भई बाँकीहुन आएको रु १ लाख ६० हजार उक्त सडकको नाला निर्माणमा विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. सिंजा गाउँपालिकामा २०७९ साल असोज १९ देखि २५ गते सम्म परेको अविरल वर्षाका कारणले पूर्णरुपमा क्षति भएका घरहरुको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा प्राधिकरणबाट कोपोकलेटभई जिल्ला विपद् व्यवस्थापन समितिले लाभग्राही कायम गरेका घरहरुको पूननिर्माणका लागि कार्यालयले सम्झौता गरी निर्माणभएका घरधनिलाई पहिलो किस्ताबापतको रकम रु ९५ हजार भुक्तानी गरिएकोमा हाल दोस्रो किस्ताबापत १०२ घरको कर्णाली प्रदेश सरकारबाट प्रतिघर रु १ लाख ५० हजारका दरले गाउँपालिकामा निकाशा प्राप्तभएकोहुँदा लाभग्राहीलाई उक्त रकम भुक्तानीका लागि सम्बन्धीत लाभग्राहीले सम्झौता गर्दाका बखत पेश गरेका जग्गाधनी प्रमाणपुर्जामा घरनिर्माण नभएको भन्ने जानकारीहुन आएकाले नापी कार्यालय सिंजा नराकोटबाट प्रविधिक सहयोग लिई निर्माण भएका घरहरुको जग्गाधनी प्रमाण पुर्जा एकिन गराएर मात्र रकम भुक्तानीको लागि प्रक्रिया अघीबढाउने निर्णय गरियो ।

निर्णय नं. ८. डाँडादेखि ढकीनाउला गैरा सम्मको सडक ग्राभिल निर्माणका लागि लागत अनुमान रु ५ लाख ३४ हजार भएकोमा यस गाउँपालिकाको हिउदे गाउँसभाबाट विनियोजन भएको रकम उक्त योजनालाई भुक्तानी गर्ने र बाँकीहुन आउने रकम आगामी आ.व. मा विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।